# काठमाडौँ महानगरपालिका

# स्थानीय राजपत्र


**काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित**

**वर्ष ७) काठमाडौँ, असोज ३० गते, २०८० साल**


# भाग १

## काठमाडौँ महानगरपालिका

## कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी निर्देशिका, २०८०

**प्रस्तावना** : महानगरपालिकाले कार्यान्वयन गर्ने विभिन्न योजना तथा कार्यक्रमहरूबाट नियमानुसार कट्टा गरी जम्मा हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित र पारदर्शी रुपमा खर्च गर्ने कार्यविधिगत कानुनी प्रबन्ध गर्न वाञ्छनीय भएकोले काठमाडौँ महानगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम **"कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी निर्देशिका, २०८०"** रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) **"कन्टिन्जेन्सी रकम"** भन्नाले सार्वजिनक खरिद नियमावली, २०६३ को नियम १०(७), १२ (४), १३(४) बमोजिम कट्टा गरेको कन्टिन्जेन्सी रकम सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले काठमाडौं महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) **"खरिद ऐन"** भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ ।

(घ) **"सार्वजनिक खरिद नियमावली"** भन्नाले काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ सम्झनु पर्छ ।

(ङ) **"बहुवर्षिय योजना"** भन्नाले एक आर्थिक वर्षमा सम्पन्न नहुने प्रकृतिको वा एकभन्दा बढी आर्थिक वर्षसम्म सञ्चालित हुने योजना सम्झनु पर्छ ।

(च) **"महानगरपालिका"** भन्नाले काठमाडौं महानगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२
## कन्टिजेन्सी रकम खर्च गर्ने व्यवस्था

३. **कन्टिन्जेन्सी रकमको व्यवस्था** : (१) महानगरपालिका र अन्तर्गतका कार्यालयहरूबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरूका लागि कन्टिन्जेन्सी रकमको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका योजना तथा कार्यक्रम सञ्चालनका लागि लागत अनुमान तयार गर्दा नै कन्टिन्जेन्सी रकमसमेत समावेश गरी लागत अनुमान तयार गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम छुट्याइएको कन्टिन्जेन्सीबापतको रकमबाट खर्च हुने शीर्षकहरू र खर्च हुने रकम यकिन गरी सोको समेत अनुमानित लागत तयार गर्नुपर्नेछ ।

(४) यस दफाबमोजिम कन्टिन्जेन्सी रकमको व्यवस्था गर्दा देहायबमोजिम गर्नुपर्नेछ :-

(क) रु १० लाखभन्दा बढी लागत भएका सबै योजनाहरूको लागि ३ (तीन) प्रतिशत ।

(ख) ससर्त अनुदानको हकमा उक्त अनुदानसम्बद्ध कार्यविधिमा तोकिएबमोजिम ।

(५) उपदफा (४) को खण्ड (क) बमोजिम कन्टिन्जेन्सी रकमको हिसाब गर्दा मूल्य अभिवृद्धि करबाहेकको लागत अनुमानको आधारमा हिसाब गर्नुपर्नेछ ।

४. **कन्टिन्जेन्सी खर्च शीर्षक** : (१) कन्टिन्जेन्सीको लागि छुट्याइएको रकम खर्च गर्दा पारदर्शी ढङ्गले खर्च गर्नुपर्नेछ ।

(२) कन्टिन्जेन्सीको लागि छुट्याइएको रकम देहायबमोजिमको शीर्षकमा खर्च गर्न सकिनेछ :-

(क) योजना अनुगमन तथा सुपरीवेक्षण, मूल्याङ्कन, जाँचपास तथा प्रतिवेदन,

(ख) योजनासँग सम्बन्धित जनशक्ति व्यवस्थापन तथा अन्य प्रशासनिक काम कारबाही,

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामग्री, सवारीसाधन, इन्धन, ल्यापटप, कम्प्युटरलगायतका आवश्यक उपकरणहरू खरिद,

(घ) परामर्श सेवा,

(ङ) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी,

(च) विवाद समाधान (मध्यस्थता, अदालती खर्च),

(छ) प्रोत्साहन खर्च,

(ज) योजनासम्बद्ध विषयमा अध्ययन, अवलोकन तथा अनुसन्धान,

(झ) बोलपत्र/प्रस्ताव तयारी/सूचना प्रकाशन/ मूल्याङ्कन समिति/बैठक तथा प्रस्तुतीकरण भत्ता,

(ञ) योजना तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी अभिमुखीकरण र उपभोक्ता समिति/टोल विकास संस्था गठन, अभिमुखीकरण र तालिम/गोष्ठी, क्षमता विकास कार्यक्रम खर्च,

(ट) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरू,

(ठ) कार्यपालिकाको निर्णयबमोजिम तोकिएका योजनासम्बन्धी अन्य क्षेत्र,

(ड) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा हुने यातायात खर्च,

(ढ) योजनासँग सम्बन्धित सामाजिक परिचालन खर्च,

(ण) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च,

(त) योजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टरसम्बन्धी खर्च,

(थ) योजना तर्जुमा सम्बन्धी कार्यक्रम सञ्चालन,

(द) योजनाहरूको कार्यान्वयनको लागि जनप्रतिनिधिहरू, कर्मचारीहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन,

(ध) योजना अनुगमन, मूल्याङ्कनसम्बन्धी खर्चहरू जस्तै : इन्धन, खाजा, खाना, अनुगमन भत्ता,

(न) योजनासँग सम्बन्धित कार्यहरूको सूचना प्रकाशन, छपाई, स्टेशनरी सम्बन्धी कार्य,

(प) योजनाको शिल्यान्यास, उद्घाटन सम्बन्धी कार्यक्रम संचालन खर्च,

(फ) योजनासँग सम्बन्धित कार्यहरूको अध्ययन, अनुसन्धान, प्रचार प्रसार सम्बन्धी कार्य,

(ब) योजनाहरूको लागत अनुमान, डिजाइन, सर्भे सम्बन्धी कार्य,

(भ) सर्भे, डिजाइन गर्नका लागि आवश्यक पर्ने मेशिनरी सामग्रीहरू, उपकरण खरिद सम्बन्धी कार्य,

(म) योजनाहरूको सामान्य मर्मतसम्भार लगायतका कार्य,

(य) योजनाको प्रभाव मूल्याङ्कन, समीक्षा गर्ने कार्य,

(र) योजनासँग सम्बन्धित कार्यालयले तोकेका कार्यहरू ।

५. **कन्टिन्जेन्सी रकमको खर्च प्रकृति** : (१) योजना तथा कार्यक्रमको कूल कन्टिन्जेन्सी रकममध्ये सामान्यतः प्रशासनिक (चालु) खर्च शीर्षकमा अधिकतम ५५ प्रतिशत र पूँजीगत खर्च शीर्षकमा अधिकतम ४५ प्रतिशतले खर्च गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको चालु तथा पुँजीगत खर्च शीर्षकअन्तर्गतको कार्यक्रम प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत हुनुपर्नेछ ।

## परिच्छेद-३
## विविध

६. **मितव्ययिता कायम गर्नुपर्ने** : कन्टिन्जेन्सी रकम खर्च गर्दा मितव्ययी र जवाफदेही रूपमा गर्नुपर्नेछ ।

७. **कन्टिन्जेन्सी खर्चको अभिलेखन** : यस निर्देशिकाबमोजिम प्रत्येक योजना तथा कार्यक्रमका लागि खर्च भएको कन्टिन्जेन्सी रकमको अभिलेख तोकिएको ढाँचामा राखी नापी किताबमा समेत प्रविष्ट गर्नुपर्नेछ ।

८. **बहुवर्षिय योजनामा कन्टिन्जेन्सी खर्च व्यवस्थापन** : बहुवर्षिय योजनाको सम्बन्धमा चालु आर्थिक वर्षको लागि अनुमानित खर्च रकमको अनुपातमा कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेछ ।

९. **<u>अन्य शीर्षकमा खर्च गर्न नपाइने</u>** : (१) यस निर्देशिकामा उल्लेखित व्यवस्था विपरीतका शीर्षकमा कन्टिन्जेन्सीको रकम खर्च गर्न पाइनेछैन ।

(२) उपदफा (१) विपरित रकम खर्च गरेमा खर्च गर्ने सम्बद्ध पदाधिकारीलाई विभागीय सजाय हुनेछ ।

१०. **<u>प्रचलित कानुनको परिपालना गर्नुपर्ने</u>** : यस निर्देशिकाबमोजिम कन्टिन्जेन्सी रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली र महानगरपालिकाको स्थानीय कानुन बमोजिमको प्रक्रिया परिपालना गर्नु पर्नेछ ।

११. **<u>बाधा अड्काउ फुकाउने अधिकार</u>** : यस निर्देशिकाको कार्यान्वयनका सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

# अनुसूची (१)

(दफा ७ सँग सम्बन्धित)

| क्र.स. | योजनाको नाम | स्वीकृत रकम | कन्टिजेन्सी रकम | खर्च शीर्षक | खर्च रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

स्वीकृत मिति : २०८०/०६/३०

**आज्ञाले**
**बसन्त अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**